प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल।

वेबसाईट: www.pyuthanmun.gov.np
ईमेल: pyumun.edu@gmail.com
सम्पर्क नं.:०८६-४६०२९०,९१

प.सं. ०८१/८२शिक्षा,युवा तथा खेलकुद शाखा
च.नं. 2322

मिति: २०८२ /०२/२०

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

श्री यो जो जससँग सम्बन्धित छ।

प्यूठान जिल्ला ,प्यूठान नगरपालिका वडा नं.- ३ अन्तर्गत श्री मुक्ति माध्यमिक विद्यालय रातामाटामा रिक्त रहेको ***निम्न माध्यमिक तह विज्ञान विषय***को स्थायी शिक्षक पदको सरुवा प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. २६६ , मिति २०८१।१२।११ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा आफु कार्यरत विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च:

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना ratamataschool@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

**बोधार्थ:**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, प्यूठान।

श्री मुक्ति माध्यमिक विद्यालय, प्यूठान -०३, रातामाटा , प्यूठान।

श्री सूचना तथा प्रविधि शाखा, प्यूठान नगरपालिका: नगरपालिकाको वेवसाइटमा सूचना अपलोड गरिदिनुहुन।

2082-2-20

नारायण प्रसाद भण्डारी
प्रमुख प्रशासकीय अधिकृत